त्रिभुवनविश्वविद्यालय

# कृषि र पशु विज्ञानअध्ययन संस्थान

## डीनको कार्यालय

## कीर्तिपुर, काठमाण्डौं ।

प.सं./च.नं.

मितिः २०७७/०८/०३

### कृषि तथा भेटेरीनरी स्नातक तहका परीक्षा सञ्चालन सम्बन्धि सूचना

यस अध्ययन संस्थानद्धारा मंसिर १२, २०७७ बाट सञ्चालन गरिने कृषि तथा भेटेरीनरी स्नातक तहका परीक्षाहरु संचलनार्थ Covid-19 को कारण सृजित समस्याहरुलाई सम्बोधन गर्न तल उल्लेखित सर्त एंव निर्देशिकाहरु पालना गर्न सम्पुर्ण सरोकारवालाहरुमा अनुरोध गरिन्छ ।

**१. परीक्षार्थी र परीक्षा सामग्री सम्बन्धमा**

सम्पूर्ण परीक्षार्थी एवं निरीक्षकहरुले क्याम्पसले दिएको निर्देशन पालना गर्नुपर्नेछ । सम्पूर्ण परीक्षार्थीहरुलाई अनिवार्यरुपमा मास्क लगाई प्रवेश पत्र सहित आउनु पर्नेछ । परीक्षाहलमा कलम, स्केल, क्याल्कुलेटर लगायतका शैक्षिक सामग्री आदान प्रदान गर्न पूर्णतया निषेध गरिएको हुँदा परीक्षार्थी  स्वंयले व्यवस्था गर्नुपर्नेछ ।

**२. परीक्षा केन्द्र परिवर्तन सम्बन्धमा**

परीक्षार्थीले आफुलाई पायक पर्ने क्याम्पसमा परीक्षा दिन चाहेमा सम्बन्धन प्राप्त वा आंगिक क्याम्पसमा पढिरहेको सत्र सञ्चालनमा छ भने मिति २०७७/०८/०७ गतेभित्र निवेदन दिइसक्नु पर्नेछ र सम्बन्धित केन्द्राध्यक्ष वा क्याम्पस प्रमुखले मिति २०७७/०८/०८ गते ११ बजे भित्र परीक्षा महाशाखा रामपुरमा निवेदनको छायाँप्रति सहित नामावली इमेल मार्फत पठाउनुपर्नेछ ।

**३. Covid-19 व्यवस्थापन सम्बन्धमा**

Covid-19 Positive Report आएको हकमा यदि Covid-19 को Report Positive आएको १५ दिन पुगेको छ भने परीक्षार्थी परीक्षामा सहभागी हुनुपर्नेछ तर परीक्षा सञ्चालन हुँदा १५ दिन पुगिसकेको छैन भने १५ दिनसम्म जति परीक्षाहरु परेका छन त्यस्ता परीक्षाहरु नियमित परीक्षा सकिएको २१ दिनपछि दिइने व्यवस्था गरिनेछ ।

४. परीक्षा सञ्चालन भइसकेपछि Covid-19 को Positive Report आएका परीक्षार्थीहरुले Positive आएको १५ दिन सम्म परीक्षामा सहभागी नगराई उल्लेखित १५ दिनमा छुटेका परीक्षाहरु माथिको झै २१ दिन पछि दिने व्यवस्था मिलाइनेछ ।

५. परीक्षा केन्द्राध्यक्ष वा क्याम्पस प्रमुखवाट सम्बन्धित क्याम्पसको स्थानीय सरकार वा प्रशासनको समझदारीमा PCR-Test हुन सकेमा आवश्यक पहल गरिनेछ । स्वास्थ मन्त्रालय लगायत स्थानिय सरकार वा प्रशासनको निर्देशिका पालना गरी Covid-19 का कुनै लक्षण वा चिन्ह नभएमा PCR-Test नभएपनि तल उल्लेखित स्वास्थ सतर्कता अपनाई परीक्षार्थीहरूलाई परीक्षामा सहभागी गराइनेछ ।

क. Seat Plan गर्दा सकेसम्म ६ फिट सामाजिक दुरी कायम हुनेगरी व्यवस्था गर्ने,<br>
ख. परीक्षा कोठा एवं कुर्सी, टेबलहरुलाई परीक्षा हुनुपूर्व Sanitize गर्ने,<br>
ग. परीक्षार्थीलाई कोठा प्रवेश पूर्व तापक्रम नाप्ने र Hand sanitizer को व्यवस्था गर्ने र<br>
घ. निरीक्षकलाई ग्लोब, मास्क लगायतका सामग्रीको व्यवस्था गर्ने ।

माथि उल्लेखित निर्देशिका बाहेक Covid-19 को व्यवस्थापनमा सम्बन्धित क्याम्पस र स्थानीय प्रशासनको समन्वयमा केन्द्राध्यक्ष वा क्याम्पस प्रमुखले आवश्यक निर्देशिका जारी गर्ने र सोको जानाकारी परीक्षा महाशाखा रामपुरमा गराउनुपर्नेछ । यसै पत्रलाई आधार मानि सम्वन्धित क्याम्पसका क्याम्पस प्रमुखहरुले सुचना जारी गर्न सक्नेछन ।

...................

सरोज राज मिश्र<br>
नि. डीन